# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७८/०७९



## चन्द्रकोट गाउँपालिका

## शान्तिपुर, गुल्मी

## श्रावण, २०७९

प्रतिवेदन तयार गर्ने:


इन्द्र बहादुर क्षेत्री

प्रमुख प्रशासकीय अधिकृत

सम्पादक

प्रकाश पन्थी

अधिकृत स्तर छैठौं

प्रतिवेदक

सुमित्रा भण्डारी

कम्प्युटर अपरेटर

डिजाइन/सेटिङ्ग

# विषय सूची

## भाग-एक

## प्रारम्भ


१.१ पृष्ठभूमी ........ १

१.२ गाउँपालिकाको परिचय ........ १

१.३.उद्देश्यहरू ........ २


## भाग-दुई

## गाउँपालिकाको समग्र स्थिति/मुख्य क्रियाकलापहरू


२.१ प्रशासन, योजना तथा अनुगमन शाखाको स्थिति/कार्य प्रगति ........ ३

२.१.१ गाउँपालिकाको संगठनात्मक संरचना ........ ३

२.१.२ कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थितिः ........ ४

२.१.३. वडा कार्यालयमा सेवा प्रवाहको स्थितिः ........ ६

२.२ आ.व २०७८/०७९ मा गाउँपालिकाको राजस्व सम्बन्धि विवरणः ........ ६

२.३. न्याय सम्पादन सम्बन्धी कार्यको विश्लेषणात्मक स्थितिः ........ ८

२.४. बैठक सम्बन्धीः ........ ८

२.५ सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाको विद्यमान स्थितिः ........ ९

२.६ गुनासो सुनुवाईः ........ १०

२.७ पूर्वाधार विकास शाखाको वार्षिक प्रतिवेदन विवरण ........ ११

२.८ आर्थिक प्रशासन सम्बन्धी कार्यहरुः ........ १३

समग्र संचित कोषको अवस्था ........ १७

२.९ आर्थिक विकास शाखाको समग्र स्थितिः ........ १८

२.९.१ कृषि ........ १८

२.९.२ पशु ........ १९

२.१० सामाजिक विकास शाखाको वार्षिक समग्र स्थितिः ........ २०

२.१०.१ स्वास्थ्य शाखा ........ २०

२.१०.२ शिक्षा शाखा........................................................................................................ २३
२.१०.३ महिला तथा बालबालिका शाखा ........................................................................... २३
२.११. अन्य क्षेत्रहरुः.............................................................................................................. २४
२.११.१ प्रधानमन्त्री रोजगार कार्यक्रम............................................................................ २४
२.११.२ राष्ट्रिय पुनःनिर्माण......................................................................................... २४
२.११.३ आ.व. ०७८/०७९ दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणः ..................................... २५
२.११.४ उद्यम विकास कार्यक्रम (MEDPA) ..................................................................... २८
२.११.५ मनसुन जन्य विपद कार्यक्रम .............................................................................. ३०

## भाग-तीन

## निष्कर्ष एवम् भावी कार्यनीति

३.१ आ.व ०७७/७८ मा गाउँपालिकामा भएका मुख्य कार्यहरु संक्षेपमाः ............................................ ३१
३.२. कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौतिहरुः................................................................ ३२
३.३. आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरुः ............................................................................ ३३

# भाग-एक

# प्रारम्भ

## १.१ पृष्ठभूमी

दुई वा दुई भन्दा बढी सरकारबाट शासकीय शक्तिको अभ्यास गर्ने प्रक्रिया नै सङ्घीयता हो। सङ्घीयतामा शक्तिको विकेन्द्रीकरण, पृथकीकरण, बाडफाँड तथा सन्तुलन र नियन्त्रण हुने गर्दछ। नेपालमा नेपाली जनताको अथक प्रयास, सङ्घर्ष र बलिदानले लामो समयदेखि चलिआएको एकात्मक, केन्द्रीकृत शासन व्यवस्थाबाट नेपाल सङ्घीयशासन व्यवस्थामा गएको छ।देशभर सङ्घीय शासनको अभ्यास गरिरहेका ७६१ वटा सरकारहरू मध्ये चन्द्रकोट गाउँ सरकार पनि एक हो।

कुनै पनि कार्यालयको आफूले सम्पादन गरेका कार्यहरुको अवस्था प्रतिविम्वित गर्ने प्रमाण पहिलो कार्य र त्यसपछि प्रतिवेदन नै हो। प्रतिवेदनले सम्पादन भएका कार्यहरुको यथार्थ अवस्था दर्साउने कार्य गर्दछ।अर्को तिर वार्षिक प्रतिवेदनले संस्थाको सम्झना (Institutional Memory) को समेत कार्य गरेको हुन्छ।

वार्षिक प्रतिवेदन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय सरकारले आफूले सम्पादन गरेका कार्यहरुको वार्षिक प्रतिवेदन प्रदेश तथा सङ्घीय सरकारमा पठाउने स्पष्ट व्यवस्था गरेको छ भने सोही आधारमा स्थानीय तहको क्षमता स्वमूल्याङ्कनमा अंक प्राप्त गर्ने व्यवस्था उल्लेख छ।तसर्थ चन्द्रकोट गाउँपालिका, गुल्मीले आ.व. २०७८/०७९ मा सम्पादन गरेका सम्पूर्ण कार्यहरूको वस्तुपरक यथार्थ प्रतिवेदन तयार गरी जनतालाई सुसूचित गर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रयोजनार्थ यो वार्षिक कार्यप्रगति प्रतिवेदन तयार गरिएको छ।

## १.२ गाउँपालिकाको परिचय

चन्द्रकोट गाउँपालिका ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय तह हो। यो गुल्मी जिल्लाको उत्तर-पूर्वमा अवस्थित छ।जसको पूर्वमा गुल्मी जिल्लाको कालिगण्डकी र सत्यवती गाउँपालिका, पश्चिममा मुसिकोट नगरपालिका, उत्तरमा बाग्लुङ् जिल्लाको बरेङ् गाउँपालिका र दक्षिणमा गुल्मी जिल्लाको गुल्मीदरवार गाउँपालिका छन्।यो गाउँपालिका साविकका ८ वटा गाउँ विकास समितिहरू दिब्रुङ्ग, विशुखर्क, हर्राचौर, शान्तिपुर, हरेवा, ग्वाघा, रुपाकोट र तुराङ्ग मिलि बनेको हो।सोही बमोजिम ८ वटा वडाहरू मौजुदा छन् भने गाउँपालिकामा ने.क.पा. माओवादी केन्द्रको नेतृत्वमा नेपाली काँग्रेस, ने.क.पा. एमाले र स्वतन्त्रको प्रतिनिधित्व छ।

यस गाउँपालिकाको क्षेत्रफल १०५.७३ वर्ग किलोमिटर छ।जहाँ २१,७९१ (२०६८ को जनगणना अनुसार) जनसंख्या रहेकोमा ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई लगायतका जातजातीको बसोबास रहेको छ।यस गाउँपालिकाभित्र जम्मा ५१२१ घरधुरी रहेका छन्। मुख्य पेशा कृषि रहेको छ।यस गाउँपालिकाका चन्द्रकोट खड्कदेव मन्दिर, दिब्रुङ्ग शिवालय मन्दिर, चक्रेश्वर मन्दिर, सिद्धवावा मन्दिर, अर्जेवा झरना, झुलेनी, रुमालवारी पर्यटकीय स्थल, पाटेचौर पर्यटकीय स्थल, टमुरे ताल आदि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रहरू हुन्।

### १.३.उद्देश्यहरू

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रयोजनार्थ,
- सूचनाको हक २०६४ को कार्यान्वयन गर्न,
- सरकारले वार्षिक रुपमा सम्पादन गरेका कार्यहरू जनतामाझ पुर्‍याउन,
- गत आ.व. र चालु आ.व.मा सम्पादन भएका कार्यहरूको तुलनात्मक अध्ययन गर्न ।

# भाग-दुई
# गाउँपालिकाको समग्र स्थिति/मुख्य क्रियाकलापहरू

## २.१ प्रशासन, योजना तथा अनुगमन शाखाको स्थिति/कार्य प्रगति

### २.१.१ गाउँपालिकाको संगठनात्मक संरचना

नेपालको संविधान २०७२ जारी भएपछि उक्त संविधानको धारा ५६ मा नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ, जसमध्ये सबैभन्दा तल्लो तहको सरकारका रुपमा स्थानीय सरकार रहने व्यवस्था बमोजिम नेपाल अधिराज्यभरी ७५३ वटा स्थानीय तहको स्थापना भएको हो। जसमध्ये चन्द्रकोट गाउँपालिका पनि एक हो।

संविधानको धारा ५७ बमोजिम अनुसूची ८ का एकल अधिकार र अनुसूची ९ का साझा अधिकारहरु, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ का दफा ११ बमोजिमका कार्यहरु गर्नका लागि गाउँपालिकामा देहाय बमोजिमको साङ्गठानिक संरचना रहने व्यवस्था रहको छ।



### २.१.२ कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थितिः

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | आठौं | प्रशासन | सा.प्र. | १ | १ | - |
| २ | अधिकृत | ६/७/८ औं | प्रशासन | लेखा | १ | १ | ० |
| ३ | इन्जिनियर | ६/७/८ औं | सिभिल | सिभिल | १ | १ करार | १ |
| ४ | अधिकृत | ६/७/८ औं | प्रशासन | सा.प्र. | २ | २ | ० |
| ५ | अधिकृत | ६/७/८ औं | शिक्षा | शि.प्र | १ | १ | ० |
| ६ | आ.ले.प. | ५ औं | प्रशासन | लेखा | १ | १ | ० |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र | ४ | २ | २ |
| ८ | कम्प्युटर अपरेटर | ५ औं | विविध | विविध | १ | १ | ० |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | १ | ० | १ |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शिक्षा प्र. | १ | १ | ० |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई | १ | १ | ० |
| १२ | सब इन्जिनियर | ५ औं | सिभिल | सिभिल | १ | १ | ० |
| १३ | अ.स.ई | चौथो | सिभिल | सिभिल | १ | ० | १ |
| १४ | स.म.वि.नि. | चौथो | विविध | विविध | १ | ० | १ |
| १५ | खा.पा.स.टे. | चौथो | इन्जि. | सिभिल | १ | १ | ० |
| **जम्मा** | | | | | १९ | १३ | ६ |
| **वडा कार्यलय तर्फ ८ वटा वडा** | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र | ३ | ० | ३ |
| २ | सब इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | ३ | १ करार | २ |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | ५ | २ | ३ |
| ४ | अ.स.ई | चौथो | इन्जि. | सिभिल | ५ | ३ | २ |
| जम्मा | | | | | १६ | ६ | १० |
| कुल जम्मा | | | | | ३५ | १९ | १६ |

| स्वास्थ्य तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | पद | श्रेणी/तह | सेवा | दरबन्दी | स्थाई | करार | रिक्त |
| १ | अनमि/सि.एम.ए | छैठौं | स्वास्थ्य | ८ | २ | | ६ |
| २ | अनमि/सि.एम.ए | पाँचौं | स्वास्थ्य | ८ | ३ | | ५ |
| ३ | अनमि/सि.एम.ए | चौथो | स्वास्थ्य | ३८ | १२ | २३ | ३ |
| ४ | कार्यालय सहयोगी | श्रेणि विहिन | प्रशासन | ८ | ७ | | १ |
| **जम्मा** | | | | ५४ | २२ | २३ | १५ |
| **कृषि विकास तथा पशुसेवा तर्फ** | | | | | | | |
| १ | अधिकृत | ८/९ औं | कृषि | १ | ० | | १ |
| २ | सहायक | पाँचौं | कृषि | १ | | १ | ० |
| ३ | सहायक | पाँचौं | पशु | १ | | १ | ० |
| ४ | सहायक | चौथो | कृषि | १ | ० | | १ |
| ५ | सहायक | चौथौ | पशु | १ | ० | | १ |
| जम्मा | | | | ५ | ० | २ | ३ |

**विभिन्न कार्यक्रम अन्तर्गतका कर्मचारीको पदपूर्तिको अवस्थाः**

| क.सं. | कार्यक्रमको नाम | श्रेणी/तह | सेवा | दरबन्दी | करार | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि | ६ औं | | | १ | |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६/५ औं | | | २ | |
| ३ | MIS OPERATOR /फिल्ड सहायक | ५/४ औं | | | २ | |
| ४ | OVOT | | | | ६ | |
| ५ | गरिवसँग विश्वेश्वर कार्यक्रम | | | | २ | |
| ६ | कार्यालय सहायक | चौथो | | | ८ | |
| ७ | कार्यलय सहयोगी | श्रेणि विहिन | | | १२ | |
| ८ | हलुका सवारी चालक | श्रेणि विहिन | | | १ | |
| ९ | सवारी चालक ट्याक्टर | श्रेणि विहिन | | | २(१सहयोगी) | |
| १० | सामुदायिक स्वास्थ्य इकाई तर्फ | - | | | १६ | |
| ११ | कर संकलक | - | | | ७ | |
| १२ | उद्यम विकास कार्यक्रम | चौथो | | | २ | |
| **जम्मा** | | | | | ५८ | |

प्रस्तुत तथ्याङ्क अनुसार आ.व. २०७८/०७९ मा ३४ वटा पदहरु रिक्त रहेको देखाउँछ।यस गाउँपालिका स्थापना पश्चात् अधिकृतस्तर, सहायकस्तर र प्राविधिक कर्मचारीहरु रिक्त रहेकोमा आ.व. २०७५/०७६ मा स्थानीय तहको लागि लोक सेवा आयोगले कर्मचारी भर्ना गरी कर्मचारीहरु पूर्ति गरेतापनि कर्मचारीको वृत्ति विकासको लागि सरुवा भई जाने कर्मचारीको संख्या सरुवा भई आउने कर्मचारीको संख्या भन्दा कम भएको हुँदा धेरै पदहरु रिक्त रहेको अवस्था छ।तथापी आगामी वर्षमा कर्मचारी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग भई सकेको हुँदा रिक्त रहेका पदहरु पूर्ति हुनसक्ने देखिन्छ ।

### २.१.३. वडा कार्यालयमा सेवा प्रवाहको स्थितिः

**क. वडा कार्यलयमा सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्थाः (कार्यलय भवनको पर्याप्तता)**

| विवरण | संख्या | भवन संरचना (पक्कि वा कच्चि) | स्वामित्व (आफ्नै वा भाडामा) | कैफियत |
|---|---|---|---|---|
| वडा कार्यालय भवन | १ | पक्कि | आफ्नै | |
| वडा कार्यालय भवन | ७ | कच्चि | आफ्नै | |

**ख. वडा कार्यालयले प्रदान गर्ने सेवाको विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा १२ बमोजिम वडा भित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, विकासका गतिविधि सञ्चालन, वडा भित्रका नियमन कार्य तथा सञ्चालन, नागरिकता नाता प्रमाणित लगायतका सिफारिस तथा प्रमाणित गर्ने र व्यक्तिगत घटना दर्ता अभिलेख राख्ने जस्ता सेवाहरु प्रवाह गर्दछ।

### २.२ आ.व २०७८/०७९ मा गाउँपालिकाको राजस्व सम्बन्धी विवरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ९ को दफा ५४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका कर लगाउन पाउने व्यवस्था बमोजिम दफा ५५ देखि ६२ सम्मका सम्पत्ति कर, मालपोत, घरजग्गा वहाल कर व्यवसाय कर बहाल विटौरी शुल्क पार्किङ्ग शुल्क जडिबुटी कवाडी र जीवजन्तु कर सेवा शुल्क लगायतका कर उठाउन सक्नेछ।सोहि बमोजिम चन्द्रकोट गाउँपालिकाले पनि आर्थिक ऐनमा भए बमोजिमको कर शुल्क उठाउने गरेको छ।

आ.व. ०७८/०७९ मा यस चन्द्रकोट गाउँपालिकाले कुल ८८ लाख बरावरको राजस्व अनुमान गरेकोमा लक्ष्यको **३६.३५%** बढी अर्थात **१३६.३५%** राजश्व संकलन भएको छ। जुन बार्षिक कुल बजेटको **२.७४३ %** हुन आएको छ ।राजश्व संकलनको विस्तृत विवरण यस प्रकार उल्लेख गरिएको छ।

## वडागत राजश्वको विवरणः

| वडा नं | रकम | विवरण | रकम |
|---|---|---|---|
| गाउँपालिका | ९,४४,४९२।- | सिधै बैङ्क दाखिला | ४१,१३,५२१।- |
| १ | ३,१४,०८०।- | | |
| २ | ३,४८,८२१।- | रजिष्ट्रेशन शुल्क | ७,२७,२८१।- |
| ३ | ४,९०,०२०।- | बेरुजु वापत | २७,०६३.७७।- |
| ४ | १७,३८,२२६।- | | |
| ५ | ३,३६,०८८।- | | |
| ६ | ५,१०,३००।- | | |
| ७ | ८,७४,०६२।- | | |
| ८ | १६,०७,४४३।- | | |
| जम्मा | ७१,२९,६२०।- | | ४८६७८६५.७७।- |
| कुल जम्मा | १,१९,९७,४८५.७७।- | | |

## शिर्षगत राजश्व आम्दानी प्रतिवेदन

| क्र.सं. | आम्दानी शिर्षक | रकम (आ.व.०७८/०७९) | गत आ.व.०७७/०७८ |
|---|---|---|---|
| १ | भूमिकर/मालपोत | १५,९४,११९।- | |
| २ | घरवहाल कर | ११,५९,१०२।- | |
| ३ | वहाल विटौरी कर | २,५२,२६९।- | |
| ४ | व्यवसाय कर | १०,०४,९५१।- | |
| ५ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | ३२,९०,४२४।- | |
| ६ | सिफारिस दस्तुर | १५,९२,८४६।- | |
| ७ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,०९,८००।- | |
| ८ | नाता प्रमाणित दस्तुर | ४,८७,४८८।- | |
| ९ | अन्य दस्तुर | २२,०६,४८६.७७।- | |
| **जम्मा** | | **१,१९,९७,४८५.७७।-** | **१,२२,५०,२७०।-** |

आ.व.०७७/०७८ को राजश्व भन्दा आ.व.०७८/०७९ मा २.०६३ प्रतिशतले कम भएको माथिको तथ्याङ्कले देखाएको छ।

## २.३. न्याय सम्पादन सम्बन्धी कार्यको विश्लेषणात्मक स्थितिः

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ को व्यवस्था बमोजिम स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था छ।स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा न्यायिक समितिलाई १३ वटा विवादको निरुपण गर्ने र १० वटा विवादलाई मेलमिलाप मार्फत विवादको निरुपण गर्ने अधिकार प्रदान गरेको छ।

स्थानीय तहमा यसरी कार्यपालिका, व्यवस्थापिका र न्यायिक तिनै किसिमको कार्य गर्ने व्यवस्था नेपालको संविधानले ल्याएको हो।नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे बमोजिमको न्यायिक निरोपण स्थानीय तहबाटै हुँदा अदालतको कार्यचाप घट्ने, स्थानीय वासिन्दालाई घरदैलोमा न्यायिक सेवा प्रदान हुने साथै अनावश्यक खर्च कम हुने र स्थानीय वासिन्दालाई गाउँपालिका प्रति अपनत्व बोध हुन जाने देखिन्छ।

आ.व.०७८/०७९ मा यस चन्द्रकोट गाउँपालिकाको न्याय सम्पादनको विवरण देहाय बमोजिम रहेको छ ।

| जम्मा उजुरी संख्या ०७८/०७९ | अल्या ०७७/०७८ | जम्मा उजुरी | फछ्यौंट भएका | बाँकी रहेका |
|---|---|---|---|---|
| ९ | १ | १० | ७ | ३ |

यसरी माथिको तथ्याङ्क हेर्दा निकै न्यून रुपमा मुद्दाहरु दर्ता भएको देखिन्छ, यसको मतलव कि त गाउँपालिकामा विवाद रहित भएको वा कि त स्थानीय जनतालाई गाउँपालिकाको न्याय सम्पादन कार्य भरपर्दो नलागेको वा गाउँपालिकाले पनि न्यायिक कार्य पनि सम्पादन गर्दछ भन्ने कुराको जानकारी नै नभएको हुन सक्छ।यसको लागि बस्ति स्तरमै गएर स्थानिय तहमै गर्ने न्यायिक क्षेत्रको क्षेत्राधिकारको बारेमा जानकारी दिन जरुरी देखिन्छ।

## २.४. बैठक सम्बन्धीः

कार्यालयमा कुनै पनि महत्वपूर्ण विषयमा छलफल गर्न वा महत्वपूर्ण निर्णय गर्नको लागि सो क्षेत्रसँग सम्बन्धित व्याक्तिहरुको सुझाव वा जानकारीका लागि बैठक बस्ने गर्दछ।यसरी बैठक बसेपछि सोको अभिलेख राख्ने गरिन्छ।हरेक गाउँपालिकामा गाउँसभाको बैठक सामान्यतया २ पटक बस्ने गर्दछ।गाउँसभाले बजेट अधिवेशनमा आगामी आ.व.को लागि बजेट ल्याउने र हिउँदे अधिवेशनमा कुनै कारणबस सञ्चालन हुन नसकेका योजनाहरु संशोधन गर्ने र नपुग शीर्षकमा कानून बमोजिम रकमान्तर गर्ने र आवश्यक नीति निर्माण पारित गर्ने गर्दछ।

कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने गर्दछ भने विभिन्न विषयगत समितिका बैठकहरु समेत आवश्यकता अनुसार बस्ने व्यवस्था यस कार्यालयमा रहेको छ। कार्यपालिका बैठक बार्षिक निति तथा कार्यक्रम कार्यन्वयन गर्ने सम्बन्धमा देखा परेका समस्याको समाधानका लागि निर्णय गर्न बस्ने गर्दछ भने कुनै विषयमा छलफल गर्नका लागि विषयगत समितिको बैठक बस्ने गर्दछ। यसरी आ.व.०७८/०७९ मा यस चन्द्रकोट गाउँपालिकामा बसेका बैठकको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | बैठकको विवरण | बैठक संख्या |
|---|---|---|
| १ | गाउँ सभा | सभा २ वटा बैठक ४ वटा |
| २ | कार्यपालिका | २३ |
| ३ | विषयगत समिति | १६ |
| ४ | खरिद मूल्याङ्कन समिति | १८ |
| ५ | अन्य समिति | २३ |

## २.५ सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको विद्यमान स्थितिः

संघ र प्रदेशको कानूनको अधिनमा रहि यस चन्द्रकोट गाउँपालिका भित्र स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिक एकल महिला अपाङ्गता भएका व्यक्तिहरु दलित बालबालिकाको लगत राखि सामाजिक सुरक्षाको वितरण तथा व्यवस्थापन गर्ने कार्य सामाजिक सुरक्षा शाखा अन्तर्गत पर्दछ।

गत आ.व.मा रु. १०३३७३०९८ रुपैंया सामाजिक सुरक्षा बापतको रकम वितरण गरेको तथ्याङ्कले देखाएको छ।

| क्र.सं. | सामाजिक सुरक्षाको क्षेत्र | खर्च रकम |
|---|---|---|
| १ | जेष्ठ नागरिक (७० माथि) | ६१३३०१५० |
| २ | जेष्ठ नागरिक दलित | १०३७०३९६ |
| ३ | एकल जेष्ठ महिला | ९७६४८६० |
| ४ | एकल महिला | ११८८९२५६ |
| ५ | पूर्ण अपाङ्ग | ३५२३१७० |
| ६ | आशिंक अपाङ्ग | ३६३०३६८ |
| ७ | बाल पोषण/दलित बालबालिका | २८६४८९८ |
| जम्मा | | १०३३७३०९८ |

यसैगरी व्यक्तिगत घटना (जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र मृत्यु) दर्ताको अभिलेख व्यवस्थापन र प्रतिवेदन लगायतका कार्य पञ्जीकरण शाखाको मातहतमा वडा सचिवहरुले गर्ने गर्दछन । हाल गाउँपालिकाका ६ वटा वडा कार्यालयबाट अनलाईन घटना दर्ता प्रणालीको सुरुवात भएको छ भने बाँकी २ वटा वडामा संचालनको प्रकृयामा रहेको छ। यस आ.व.मा चन्द्रकोट गाउँपालिकामा १७०२ वटा घटना दर्ता भएको तथ्याङ्कले देखाएको छ।

| क.सं. | वडा | जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद दर्ता | बसाईसराई दर्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १०६ | २३ | ३९ | ० | ३२ | २०० |
| २ | २ | १२८ | ३२ | २७ | ० | ४१ | २२८ |
| ३ | ३ | ३९ | २४ | २६ | २ | २२ | ११३ |
| ४ | ४ | १३३ | ४० | ६६ | २ | २६ | २६७ |
| ५ | ५ | १०० | ३७ | ३८ | १ | २६ | २०२ |
| ६ | ६ | ६७ | २७ | ३४ | ० | २९ | १५७ |
| ७ | ७ | १३५ | ४६ | ७२ | ३ | ४१ | २९७ |
| ८ | ८ | १२८ | ३० | ५४ | ३ | २३ | २३८ |
| जम्मा | | ८३६ | २५९ | ३५६ | ११ | २४० | १७०२ |

## २.६ गुनासो सुनुवाईः

नागरिकका गुनासोलाई सम्बोधन गरी जनमैत्री सेवा प्रवाह गर्नका लागि गाउँपालिकामा गुनासो दर्ता रजिष्टर खडा गरी गुनासोहरु दर्ता गर्ने गरिएको छ ।आ.व ०७८/०७९ मा ३ वटा गुनासाहरु दर्ता भएका थिए ति गुनासाहरुको सम्बोधन गरी जनताका समस्याहरु पनि समाधान गरिएको थियो।

## २.७ पूर्वाधार विकास शाखाको वार्षिक प्रतिवेदन विवरण

पूवाधार विकास शाखा अन्तर्गत सडक, खानेपानी, सिंचाई, विद्युत लगायतका अन्य भौतिक संरचनाहरुको निर्माण तथा मर्मत संभार गर्ने कार्य पर्दछ। गाउँपालिकामा कतिपय विकास निर्माणका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत गरिन्छ भने कतिपय विकासका कार्यक्रमहरु ठेक्का प्रकृया मार्फत गर्ने गरिएको छ। यसैगरी आ.व. ०७८/०७९ मा यस चन्द्रकोट गाउँपालिकामा भएका पूर्वाधार विकास शाखाको भौतिक तथा वित्तिय प्रगतिलाई तल दिइएको छ।

| विकास क्षेत्र | | खर्च रकम (रु. हजारमा) | | | | | | | | जम्मा | भौतिक अवस्था | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| सडक | नयाँ निर्माण (कि.मि) | ७८९ | ६७० | ८९ | ४८० | ६६७ | २३० | २९८ | ७९२.६ | ४०१५ | २.३७ | ३.६२५ | ०.४२१ | १.५५ | १.६१ | १.०२ | १.३३५ | ३.५७ | १५.५ |
| | स्तरउन्नति (कि.मि) | ९४० | | | ४८८ | | ६१६ | ८५१.५ | | २८९६ | २.१३ | | | १.४९१ | | ०.७५ | १ | | ५.३७१ |
| | ग्रावेल (मि) | ५० | | | ९८.४ | | ५९ | | | २०७.४ | ०.१३ | | | १.२ | | ०.३५ | | | १.६८ |
| | ढलान | | | | | | | | | 0 | | | | | | | | | 0 |
| | कल्भर्ट (संख्या) | | ४७.५ | | | | | १४५.५ | | १९३ | | १ | | | | | १ | | २ |
| | ग्याबिन (घ.मि) | | | ४४ | १७३ | | २९५ | ४७६.९ | ११६३ | २१५२ | | | ८ | | ३९ | ६७ | ११६ | २६१ | ४९१ |
| | मेसेनारी (घ.मि) | | | १८० | ११६५ | २४० | ८५ | ४०९ | २५८.४ | २३३७.४ | | | १८.४७ | ११७ | २४ | ९ | ४३.१८ | २५.६६ | २३६.८ |
| | पक्कि नाली (मि) | | | | ५६२ | | १००० | | ६०० | २१६२ | | | | १३९.५ | | २०० | | १४६ | ४८५.५ |
| | मर्मत (कि.मि) | ५७५ | ९७० | ८६९ | ४८५ | ८१७ | ५६०. | १११३ | ८०० | ६१८९ | २२ | २४.३५ | १०.७ | १२ | २२ | १८ | २० | २२ | १५१ |
| | ह्युम पाइप (मि) | | | | ९६.४ | १८४ | | | ६६.७ | ३४७.१ | | | | १२.५ | १५ | | | १२.५ | ४० |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी | | | | | | | | | | 0 | | | | | | | | | 0 |
| | टंकी निर्माण (संख्या) | | | | | | | | | १३४०६ | १ | ४ | १ | | ४ | १ | | २ | १३ |
| | धारा निर्माण (संख्या) | | | | | | | | | 0 | | ६७ | ३ | | १०२ | १५ | | ९७ | २८४ |
| | पाइप लाइन (कि.मि) | ५० | ३००० | २०५६ | १००० | ३००० | ५०० | ७०० | ३१०० | 0 | | ५.८८६ | २.४२५ | ०.३७ | ६.३५ | १.३ | ४ | ८.७६ | २९.०९ |
| | केवल क्रसिंग (मि) | | | | | | | | | 0 | | | | | १४२ | | | | १४२ |
| | लाभाम्वित घर संख्या | | | | | | | | | 0 | | ६७ | ५६ | ५० | १०२ | १५ | ३२ | २७७ | ५९९ |
| सिंचाई | | | | | | | | | | 0 | | | | | | | | | 0 |
| | कुलो निर्माण (मि.) | | ३६६.२ | ६६७.७ | २४३ | २४८ | २०० | १९८.६५ | ७२४.८ | २६४८ | | ३३३.४ | ४५० | ९५ | १३७ | १३१.५ | ९६ | ५०३.६ | १७४७ |
| | HDPE पाइप (मि) | १२० | | | | | | | ५१६ | ६३६ | २५८ | | | | | | | १८०० | २०५८ |
| भवन | | | | | | | | | | 0 | | | | | | | | | 0 |
| | नया निर्माण | २४० | | | | ३९४० | | | ७१९२.१ | ११३७२ | १ | | | | २ | | | २ | ५ |
| | रंगरोगन | २०० | ४९ | | | १३० | | | | ३७८.५ | १ | १ | | | २ | | | | ४ |
| | थप/सम्पन्न | २३०० | | | | | ५०० | | | २८०० | २ | | | | | १ | | | ३ |
| | शौचालय | १०० | १९४ | ४३७.९ | | | | ८५५ | १०५ | | १ | १ | १ | | | | २ | १ | ६ |
| | मन्दिर | २०० | ९६ | | | | | १९३.५ | | | २ | १ | | | | | १ | | ४ |
| अन्य | | | | | | | | | | 0 | | | | | | | | | 0 |
| | तटबन्धन ग्याबिन (घ.मि) | २०० | | | ५२४ | | | ११५७.४ | | १८८१ | ४९.५ | | | १२३ | | | ३२९.३६ | | ५०१.९ |
| | मेसेनारि वाल (घ.मि.) | ५१० | १०६७ | ३७८ | | | ३०९ | १४५.५ | ४६६.३ | २८७६ | ५१.७ | १०३.२ | ३३.४६ | १२३ | | ३० | १४.७१ | ५१.०६ | ४०७.१ |

**ठेक्कातर्फ**

| क्र.सं. | विकास क्षेत्र | | खर्च रकम (रु. हजारमा) | मजुवा | शान्तिपुर | हस्पिटल लाईन | रेमी-टिमुरे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | सडक | स्तरउन्नति (कि.मि.) | १००५६ | ४०७.५ | ७०० | ५०५ | ६५० | २२६२.५ |
| | | ग्राबेल (मि.) | | ४०७.५ | ५२७ | ५०५ | २५० | १६८९.५ |
| | | कल्भर्ट (संख्या) | | ३ | | | | ३ |
| | | ग्याबिन (घ.मि.) | | | | ६० | ६० | १२० |
| | | मेसेनारी (घ.मि.) | | | ६ | ६ | ७ | १९ |
| | | पक्कि नाली (मि.) | | ६०२ | ६४१ | ४०० | ५६३ | २२०६ |
| | | ह्युम पाइप (मि.) | | १० | | ४० | १७.५ | ६७.५ |

## २.८ आर्थिक प्रशासन सम्बन्धी कार्यहरुः

**क्षेत्रगत रुपमा खर्चको विवरण**

| क्र.सं. | क्षेत्र | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | १,८३,७६७३२.९० | ७८.५६ |
| २ | सामाजिक विकास | २०,७६,९८,६९०.३६ | ८६.०३ |
| ३ | भौतिक पूर्वाधार | ५,८४,८६,२२७.८४ | ८४.९७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | १,३१,१९,५२४ | ८३.०९ |
| ५ | प्रशासनिक तथा कार्यालय संचालन | १२,०६,७६,११३.६९ | ७६.६२ |
| **जम्मा** | | ४१,८३,५७,२८८.७९ | ८२.५२ |

गाउँपालिकाको समग्र विकासलाई समानुपातिक रुपमा विकास गर्नको लागि बजेटलाई विभिन्न ५ वटा क्षेत्रमा विभाजन गरी बजेट विनियोजन गर्ने गरिन्छ। यसरी बजेट विनियोजन गर्दा बजेटले सबै क्षेत्रलाई समेटि विकासमा जनसहभागिता बढी हुने, जनताले विकासको अनुभूति प्राप्त गर्ने, साधन श्रोतको उपयोग हुने र विकासलाई तुलना गर्न सहज हुन्छ जसले गर्दा पछाडि परेको क्षेत्रलाई बढी प्राथमिकतामा राखेर बढी बजेट बिनियोजन गरी अगाडि बढाउन सकिन्छ।

आ.व.०७८/०७९ मा खर्चको हिसावले सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा (८६.०३ प्रतिशत) भएको र कम खर्च प्रशासनिक तथा कार्यालय संचालन क्षेत्रमा (७६.६२ प्रतिशत) भएको माथिको तालिकाले देखाउँछ।

आ.व.०७८/०७९ को समग्र आर्थिक अवस्था

| क्र.सं. | खर्च शिर्षक | खर्च रकम | ०७८/०७९खर्च प्रतिशत | ०७७/०७८को खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूँजिगत | १३,२६,७७,०६९.८४ | ८१.६६ | ८६.५३ |
| २ | चालु | २८,५६,८०,२१८.७९ | ८२.९३ | ८५.५७ |
| जम्मा | | ४१,८३,५७,२८८.७९ | ८२.५२ | ८६.०५ |

माथिको तालिका अनुसार यस आ.व.०७९/७९ मा जम्मा ८२.५२ प्रतिशत खर्च भएको देखिन्छ। जुन गत आ.व.०७७/०७८ भन्दा ३.५३ प्रतिशत कम हो।यसरी बजेट कम खर्च हुनुका कारण कार्यक्रम तथा उक्त कार्यक्रमको लागि प्रस्तावित बजेटको बिचमा तालमेल हुन नसक्नु, बजेट विनियोजन लागत अनुमानमा हुन नसक्नु, स्थानिय तहको निर्वाचन, कर्मचारीको अभाव रहेको देखिन्छ।तथापि यस आ.व.०७८/०७९ मा भएको समग्र खर्चलाई विकासको दृष्टिले सकारात्मक मान्नु पर्दछ।

**श्रोत अनुसार आम्दानी र खर्चको विवरण**

| सि.नं | स्रोत समूह | स्रोत | आम्दानी | खर्च | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजीगत | जम्मा खर्च |
| १ | संघीय सरकार | समानिकरण अनुदान | ९,९४,००,००० | २,७२,०१,०४१.९३ | ६,००,०२,१९२.९२ | ८,७२,०३,२३४.८५ |
| २ | | शसर्त अनुदान चालु | २०,९६,१३,००० | १७,५८,६७,४७६.५२ | ० | १७,५८,६७,४७६.५२ |
| ३ | | शसर्त अनुदान चालु | २९,८७,००० | २८,८२,१५० | ० | २८,८२,१५० |
| ४ | | शसर्त अनुदान चालु | ६३,९६,००० | ५१,५६,३१५.५० | ० | ५१,५६,३१५.५० |
| ५ | | शसर्त अनुदान चालु | ५,००,००० | ० | ० | ० |
| ६ | | शसर्त अनुदान चालु | २४,०४,००० | १०,७४,८२३ | ० | १०,७४,८२३ |
| ७ | | शसर्त अनुदान चालु | १,९९,००० | ० | ० | ० |
| ८ | | शसर्त अनुदान पुँजीगत | ९४,५०,००० | ० | ९४,५०,००० | ९४,५०,००० |
| ९ | | शसर्त अनुदान पूँजीगत | ७९,००,००० | ० | ७१,३५,२८६ | ७१,३५,२८६ |
| १० | | शसर्त अनुदान पूँजीगत | २,००,००० | ० | १,९९,८४१ | १,९९,८४१ |
| ११ | संघीय सरकार | शसर्त अनुदान पूँजीगत | ७२,००,००० | ० | ५९,३७,५९२ | ५९,३७,५९२ |
| १२ | | शसर्त अनुदान पूँजीगत | ५९,००,००० | ० | ५८,९८,५०० | ५८,९८,५०० |
| १३ | | राजस्व बाँडफाँड संघीय सरकार | ६,८०,३०,२९६.२२ | ४,८६,०३,२४३.४१ | ७९,९६,५०० | ५,६५,९९,७४३.४१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | प्रदेश सरकार | समानिकरण अनुदान | ४६,४४,००० | २९,७९,१०२ | ० | २९,७९,१०२ |
| १५ | | शसर्त अनुदान चालु | ५,४४,००० | ४,९४,००० | ० | ४,९४,००० |
| १६ | | शसर्त अनुदान पूँजीगत | ८०,००,००० | ० | ७६,३०,७५६ | ७६,३०,७५६ |
| १७ | | विषेश अनुदान चालु | ६०,००,००० | ४,९३,१०५ | ४६,८८,३२६ | ५१,८१,४३१ |
| १८ | | समपुरक अनुदान चालु | १,५०,००,००० | ० | १,०४,९६,३७८.९२ | १,०४,९६,३७८.९२ |
| १९ | | राजस्व बाँडफाँड सवारी साधन कर | ७२,८३,०१९.०३ | ४९,९२,९२९ | ९७,००० | ५०,८९,९२९ |
| २० | गाउँ पालिका | आन्तरिक श्रोत | ३,५७,०८,६५८.७७ | १,५९,३६,०३२.५९ | १,३१,४४,६९७ | २,९०,८०,७२९.५९ |
| **जम्मा** | | | ४९,७३,५८,९७४.०२ | २८,५६,८०,२१८.९५ | १३,२६,७७,०६९.८४ | ४१,८३,५७,२८८.७९ |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाको वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता आन्तरिक आम्दानी र स्थानिय सरकारबाट संचालन भएका आयोजनाहरु समेतको आयव्यय हिसावको आ.व. ०७९/०७९ को समग्र संचित कोषको अवस्थाः

| सि. नं. | आयतर्फ | | | सिं. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | २९९५६५१८.३९ | १. | **जम्मा खर्च** | | ४१८३५७२८९ |
| | क) नगद | | | | क) चालु खर्च | २८५६८०२१९ | |
| | ख) बैङ्क मौज्दात | २३७११७३ | | | ग) पूँजिगत खर्च | १३२६७७०७० | |
| | ग) धरौटी मौज्दात | ३२३८४६०.३९ | | २. | **वित्तिय व्यावस्था भुक्तानी** | | |
| | घ) प्रकोप कोष व्यावस्थापमन | २८०६८८५ | | | क) ऋण भुक्तानी | | |
| | ङ) विविध कोष मौज्दात | २००००० | | | ख) शेयर भुक्तानी | | |
| २. | **राजश्व** | | ८९०६९२१९ | | ग) अन्य भुक्तानी | | |
| | क) आन्तरिक राजश्व गापा | १३७५५९०४ | | ३. | **विभिन्न निकायबाट खर्च** | | १६९५५५१४४ |
| | ख) राजश्व बाँडफाँड संघ | ६८०३०२९६.२२ | | | क) सामाजिक सुरक्षा | १०३४०४७८९ | |
| | ग) राजश्व बाँडफाँड संघ | ७२८३०१९ | | | ख) स्थानिय पूर्वाधार विकास कार्यक्रम | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | **वित्तिय हस्तान्तरण** | | ३५२१४९००० | | ग) गरिवसँग विश्वेश्वर | ६७३००० | |
| | क) वित्तिय समानिकरण अनुदान | ९९४००००० | | | घ) स्थानिय तह प्रशासकिय भवन | १००००००० | |
| | ख) सशर्त अनुदान | २५२७४९००० | | | ङ) एकिकृत स्वास्थ्य पूर्वाधार निर्माण | ५३५१५००७ | |
| | ग) समपुरक अनुदान | | | | च) स्वच्छ वातावरण कार्यक्रम | १९६२३४८ | |
| | घ) विशेष अनुदान | | | ४. | **फिर्ता तर्फ** | | ४६६४९१२७.०६ |
| ४. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ३४१८८००० | | क) संघिय सरकार शसर्त | ३९१४७०१५.९८ | |
| | क) वित्तिय समानिकरण अनुदान | ४६४४००० | | | ख) संघिय सरकार विशेष | | |
| | ख) सशर्त अनुदान | ८५४४००० | | | ग) प्रदेश सरकार शसर्त | ४१९२४४ | |
| | ग) समपूरक अनुदान | १५०००००० | | | घ) प्रदेश सरकार विशेष | ८१८५६९ | |
| | घ) विशेष अनुदान | ६०००००० | | | ङ) प्रदेश समपुरक | ४५०३६२१.०८ | |
| ५. | **अन्तर स्थानिय तहबाट प्राप्त** | | | | च)विभाज्य कोष फिर्ता | १७६०६७७ | |
| ६. | **अन्य** | | ७९९७९३ | | छ)सामाजिक सुरक्षा | | |
| | क) क्षेत्रिय शहरी विकास योजना | | | ५. | **विभिन्न कोष तर्फको खर्च** | | ३२२०००४.३१ |
| | ख) | | | | | | |
| | ग) सडक बोर्ड नेपाल | ७९९७९३ | | | क) प्रकोप कोष व्यावस्थापन | १८८६४०० | |
| | घ) प्रदेश स्वास्थ्य निर्देशनालय | | | | ख) धरौटी खर्च | १३३३६०४.३१ | |
| | ङ) युनिसेफ | | | ६. | **अन्य खर्च** | | ७८८००० |
| ७. | **विभिन्न कोष तर्फको आय** | | २०००००० | | क) सडक बोर्ड नेपाल | ७८८००० | |
| | क) प्रकोप व्यावस्थापन कोष | २०००००० | | | ख) प्रदेश स्वास्थ्य निर्देशानलय | | |
| | ख) लैङ्गिक हिंसा निबारण कोष | | | | ग) युनिसेफ | | |
| ८. | **विभिन्न निकायबाट प्राप्त** | | १६९५५५१४४ | ७. | **मौज्दात** | | ४०८२३९६०.४८ |
| | छ) सामाजिक सुरक्षा | १०३४०४७८९ | | | क) नगद मौज्दात | | |
| | ज) स्थानिय पूर्वाधार विकास कार्यक्रम | | | | ख) बैङ्क मौज्दात | ३४११०९७७.३५ | |
| | झ) गरिवसँग विश्वेश्वर | ६७३००० | | | ग) धरौटी मौज्दात | ३५८०७०५.५८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ञ) स्थानिय तह प्रशासकिय भवन | १०००००००० | | | घ) प्रकोप कोष व्यावस्थापन तर्फको मौज्दात | २९२०४८४.५५ | |
| | ट) एकिकृत स्वास्थ्य पूर्वाधार निर्माण | १३५१५००७ | | | ङ) विविध खर्च खाता | ११७९३ | |
| | ठ) स्वच्छ वातावरण कार्यक्रम | १९६२३४८ | | | च) विविध कोषको मौज्दात | २००००० | |
| ९. | **धरौटी आय** | १६७५८५० | **१६७५८५०** | | | | |
